# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८३।०१।०९ गते ।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला रूकुम (पश्चिम), मुसीकोट नगरपालिका, वडा नं. ०१ स्थित श्री त्रिभुवन जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक समेतले विद्यालयको रकम हिनामिना गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा त्रिभुवन जनता माध्यमिक विद्यालय, रूकुम (पश्चिम) को आ.व. २०७८/०७९ मा प्रविधिमैत्री कक्षा कोठा निर्माण तथा व्यबस्थापन कार्यक्रममा खरिद गरिएको भनिएका सामग्रीहरूमध्ये I3Dell server, scanner canon lide 300, Networking clip cable wiring setup, Projector, 150 AH Battery र cat 6 cable सामाग्रीहरू विद्यालयमा आपूर्ति नै नगरी रू.४,८८,८११/२४ (चार लाख अठासी हजार आठ सय एघार रूपैया चौबीस पैसा) र बिद्यालयमा ICT का सामान खरिद गरेपछि उक्त सामानहरू संचालनको लागि तालिम संचालन गर्ने भनी बजेट बिनियोजन गरिएकोमा उक्त तालिम संचालन नै नगरी संचालन गरेको भनी झुट्टा बिल भरपाई बनाई रू.२,२०,०००/-(दुई लाख बीस हजार रूपैयाँ) भुक्तानी गरी जम्मा रू.७,०८,८११/२४ (सात लाख आठ हजार आठ सय एघार रूपैया चौबीस पैसा) हिनामिना गरेको, आ.व. २०७७/०७८ र आ.व. २०७८/०७९ मा विद्यालयको आन्तरिक आम्दानी, विद्यार्थीबाट उठाएको शुल्क रकम रू.५४,८८१/५९ (चौवन्नव हजार आठसय एकासी रूपैयाँ उनन्साठी पैसा) बैंक दाखिला नगरेको, यस्तै आ.व. २०७७/०७८ को वेरूजु फछ्र्यौटको लागि बिद्यालयको खाताबाट रकम झिकी फेरी विद्यालयको खातामा रकम जम्मा गरी सोही भौचरको आधारमा वेरूजु फछ्र्यौट वापत रू.२,१२,०६१/१५ (दुई लाख बाह्र हजार एकसठ्ठी रूपैया पन्ध्र पैसा) र बिना उद्देश्य बिना भौचर विद्यालयको खाताबाट रू.१,००,०००।— (एक लाख रूपैयाँ) रकम झिकी हिनामिना गरेकोसमेत गरी कुल **जम्मा रू.१०,७५,७५३/९८** (दश लाख पचहत्तर हजार सात सय त्रिपन्न रूपैया अन्ठानब्बे पैसा) हिनामिना, हानिनोक्सानी एवं दुरूपयोग गरे गराएकोले उक्त कार्यमा संलग्न देहायबमोजिमका कर्मचारी तथा पदाधिकारीहरू उपर भ्रष्टाचार निवारण ऐन २०५९ बमोजिमको कसुरमा देहाय बमोजिमको सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | त्रिभुवन जनता माध्यमिक बिद्यालय रुकुम पश्चिमका तत्कालीन प्रधानाध्यापक **हरि प्रसाद खनाल** र लेखापाल **ठक बहादुर बुढाथोकी** | **जनही** रु.१०,७५,७५३/९८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम बिगो रू. दश लाख पचहत्तर हजार सात सय त्रिपन्न रुपैंया अन्ठानब्बे पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च)तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित)को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको |

| | | | |
|---|---|---|---|
| | | | दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| २. | त्रिभुवन जनता मा.वि.का कार्यालय सहायकद्वय **रमा शाह** र **गौरी रावत के.सी.** | **जनही** रु.४,८८,८११/२४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १७ ले निर्देश गरेबमोजम बिगो चार लाख अठासी हजार आठ सय एघार रुपैया चौबीस पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | त्रिभुवन जनता माध्यमिक बिद्यालयका तत्कालीन व्यवस्थापन समितिका अध्यक्ष **खेमराज खड्का**, मुसिकोट नगरपालिकाका शाखा अधिकृत **बिनाराम खड्का** र ऐ. कार्यालयका सूचना प्रविधि अधिकृत **गोपाल ओली** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसुर भएको हुँदा सोही ऐनको दफा १९(२) बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | जिल्ला दाङ तुलसीपुर उप-महानगरपालिका, वडा नं. ६ बस्ने डिजिटल कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स वर्ल्ड तुलसीपुर दाङका प्रोप्राइटर **शिव प्रसाद श्रेष्ठ** | **रु.७,०८,८११।२४** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम आफुले नगदी तथा अन्य सुबिधा लाभ उपलब्ध गराई दिने एवं आफूले लिने मतियारको कार्य कसुर गरेको पुष्टि भएको हुँदा बिगो रू. सात लाख आठ हजार आठ सय एघार रुपयाँ चौविस पैसा कायम गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्यांश अनुसारको सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम बिगोबमोजिम मूल कसुरदारलाई हुने सजायलाई आधारमानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम मूल कसुरदारलाई सरह कैद तथा जरिवाना सजाय गरी सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असूल उपर हुन समेतको मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने